# बोगटान फुड्सिल गाउँपालिका
(Bogatan Phudsil Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office of Rural Municipal Executive)

आ.ब. :- २०८३/०८४
Fiscal Year:- 2083/084
च.न. ..................
Ref. No.

सुदूरपश्चिम प्रदेश , नेपाल,
Sudurpashchim Province, Nepal
चवराचौतारा ,डोटी
Chawarachautara, Doti

**आ.व. २०८३/०८४ को लागि मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना।**

**(सूचना प्रकाशन मिति: २०८३/०५/०२ गते**

यस कार्यालयको लागि आ.व. २०८३/०८४ मा तपसिल बमोजिमका सामानहरु तथा सेवाहरु पटक वा पटक पटक आपूर्ति गर्ने गराउनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकोले सो कार्यको लागि आवश्यक योग्यता पुगेका इच्छुक सम्बन्धित इजाजत प्राप्त व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले एकभन्दा बढी कार्यहरुको लागि छुट्टा छुट्टै विवरण भरी यस कार्यालयमा सूची दर्ता गराउनको लागि आवेदन पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

**(क) मालसामान आपूर्ति तथा मर्मत तर्फः**

१) स्टेशनरी, मसलन्द तथा कार्यालय सम्बन्धी सामानहरु आपूर्ति कार्य

२) छपाई गर्ने र त्यस सम्बन्धी सामानहरु आपूर्ति कार्य

३) फर्निचर तथा फर्निसिङ सम्बन्धी सामानहरु आपूर्ति तथा मर्मत कार्य

४) कम्प्युटर, ल्यापटप, प्रिन्टर, फ्याक्स, फोटोकपी मेशिन, टेलिफोन सेट, प्रोजेक्टर आपूर्ति र मर्मत कार्य

५) खानेपानी (मिनिरल वाटर) आपूर्ति कार्य

६) सवारी साधन (कार, जिप, मोटरसाइकल, दमकल, हेभि सवारी) र सो का पाटपुर्जाहरु सम्बन्धित सामानहरु आपूर्ति तथा मर्मत

७) मेडिकल उपकरण सम्बन्धी सामानहरु आपूर्ति तथा मर्मत कार्य

८) औषधि तथा औषधिजन्य सम्बन्धी सामानहरु आपूर्ति कार्य

९) कृषि तथा सरसफाईजन्य सामाग्रीहरुको आपूर्ति कार्य

१०) इन्जिनियरिङ सम्बन्धी सामानहरु आपूर्ति कार्य

११) खानेपानी, सडक, विद्युत, सिचाई लगायतका निर्माण तथा सो का सामानहरूको आपूर्ती तथा मर्मत सम्भार कार्य

१२) यस कार्यालय र अन्तर्गत कार्यालयको लागि आवश्यक पर्ने मेशिनरी सामान (जेनेरेटर, इन्भर्टर, युपिएस, भ्याकुम क्लिनर आदि। सम्बन्धी सामानहरु

**(ख) निर्माण कार्य तर्फः**

१. सार्वजनिक सम्पत्ती (भवन, वाल, बाउन्ड्री, ट्रस आदी) निर्माण तथा सो को मर्मत सम्भार कार्य

२. कार्यालय अन्तर्गतको सम्पत्ति, पार्क, सार्वजनिक स्थल, वगैचा निर्माण, संचालन तथा मर्मत कार्य

३. भौतिक निर्माण तथा मर्मत सम्भार कार्य

..........................

निराज रेग्मी

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

**(ग) अन्य सेवा तर्फः**

१. कुरियर सेवा सम्बन्धी कार्य

२. विज्ञापन तथा सूचना प्रकाशन सम्बन्धी कार्य

३. श्रव्यदृश्य सामग्री निर्माण तथा प्रसारण सम्बन्धी कार्य

४. कार्यालय सरसफाई, कार्यालय सुरक्षा, वगैंचा निर्माण, संचालन तथा मर्मत कार्य, प्लम्बिङ सेवा, वार्षिक रुपमा मर्मत सम्भार सेवा

५. विमा सम्बन्धी सेवा

६. इन्टरनेट तथा नेटवर्किङ सेवा

**(घ) परामर्श सेवाः**

१. Consultancy Service (योजना तर्जुमा, वित्तीय अध्ययन, अनुसन्धान, अनुगमन, निरीक्षण, इष्टिमेट गर्ने, गुरु योजना, डिपिआर लगायतका प्राविधिक तथा विशेषज्ञ सेवाको कार्य

२. वेबसाइट डिजाइन, संचालन तथा अपडेट, सफ्टवेयर निर्माण सम्बन्धी कार्य

३. इन्जिनियरिङ, ड्रइङ, डिजाइन निर्माण सुपरीवेक्षण गर्ने कार्य

**(ङ) निवेदकले पेस गर्नु पर्ने कागजातहरुको विवरणः**

१. कम्पनी/संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

३. कम्पनी/संस्था/फर्म नवीकरणको प्रमाणित प्रतिलिपि

४. आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

५. आवश्यकता अनुसारको व्यावसायिक इजाजत पत्रको प्रमाणित प्रतिलिपि

**अन्य जानकारी**

१. माथि उल्लेख गरिएका निवेदकले पेस गर्नु पर्ने विवरणहरु तोकिएको ढाँचामा पेस गर्नुपर्नेछ।

२. माथि उल्लिखित एक भन्दा बढी कार्य एउटै कम्पनी संस्था/फर्मबाट गर्ने भएमा छुट्टाछुट्टै कार्यको लागि छुट्टाछुट्टै सूची दर्ता गराउनु पर्नेछ।

३. सूचिकृत भएका कम्पनी/संस्था/फर्मबाट कार्यालयको आवश्यकता अनुसार सामान वा सेवा वा निर्माण कार्य गर्न सकिनेछ। /

४. सूचिकृत भएका कम्पनी/संस्था/फर्महरुले सन्तोषजनक सामान वा सेवा वा निर्माण कार्य गर्न नसकेमा सूचिकृतबाट हटाउन सकिनेछ। सो उपर कुनै दावी विरोध लाग्ने छैन।

५. कम्पनी/संस्था/फर्म सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

६. सूचिकृत गराउन चाहने कम्पनी/संस्था/फर्मले आफ्नो फर्मको ठेगाना, सम्पर्क नम्बर र सम्पर्क व्यक्ति समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत


अध्यक्ष ☎९८६८५६९६९७ उपाध्यक्ष,☎ ९८४८४०८४७०, प्रमुख प्रशासकीय अधिकृत☎९८९८५८०३५५१५ ,सूचना अधिकारी ☎९८६५७४६१८७